# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिबेदन

## Report on Child Marriage Prevalence Survey

**सिंजा गाउँपालिका, जुम्ला**

**Sinja Rural Municipality, Jumla**

प्लान ईन्टरनेशनल नेपाल

सिंजा गाउँपालिका, जुम्ला

आत्म सम्मानका लागि सहकार्य

# Contents


शब्दावली तथा परिभाषा ........ 2

कृतज्ञता ........ 3

सारांस (Summary) ........ 4

एकाइ १ परिचय (Introduction) ........ 8

१.१ पृष्ठभूमि (Background) ........ 8

१.२ परियोजनाको परिचय ........ 9

१.३ सर्वेक्षणको उद्देश्य ........ 9

एकाइ २ सर्वेक्षण क्षेत्र र विधि (Survey Design and Methodology) ........ 11

२.१ गाउँपालिकाको पृष्ठभुमि ........ 11

२.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरूः ........ 11

२.३ नमूना छनौट प्रक्रिया र नमूना ........ 11

२.४ डाटा सङ्कलन विधि ........ 12

२.५ बाल संरक्षण, सहमति र गोपनीयता ........ 12

२.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण ........ 13

२.७ अध्ययनको सीमितता ........ 13

एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings) ........ 14

३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी ........ 14

३.२ बालबिवाह ........ 15

३.२.१ सिंजा गाउँपालिकामा बालबिवाहको अवस्था ........ 15

३.२.२ बिवाहको प्रकार ........ 18

३.२.३ बिवाह दर्ताको चलन ........ 19

३.२.४ बिवाह अघि/ बिवाह पछिको शैक्षिक अवस्था ........ 20

३.२.५ गर्भावस्था र बालबच्चाको विवरण ........ 22

३.२.६ बाल बिवाहको अवस्था र कारणहरूको बारेमा जानकारी ........ 23

३.२.७ बालबिवाहको अन्त्य गर्न सम्भावित उपायहरु ........ 24

३.२.८ बालबिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी ........ 25

३.२.९ बालबिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ........ 25

३.२.१० बालबिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान ........ 26

३.२.११ बाल बिवाह अन्त्यको लागि समुदायको भूमिका ........ 27

३.२.१२ बालबिवाह अन्त्यको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी ........ 28

एकाइ ४ निष्कर्ष र सुझाव (Conclusion and Recommednations) ........ 29

४.१ निर्ष्कर्ष ........ 29

४.२ सुझाव ........ 32

## शब्दावली तथा परिभाषा

बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघिय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

# कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वल: बालबिवाह, छिटो हुने बिवाह र जवरजस्ति गरिने बिवाह रोकथाम (NORAD) परियोजना बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा स्थानीय पालिकाहरुमा संचालित बालबिवाह र छिटो हुने बिवाहको व्यापकता दर सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारबालाहरुलाई परियोजनाको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ । परियोजनाको कार्यान्वयन साझेदार आत्म सम्मानका लागि सहकार्य (क्याड) नेपालले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनौटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (RoW) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), हसरत अली (अनुगमन मूल्याङ्कन अनुसन्धान संयोजक) लगायत क्याड नेपाल जुम्लाका परियोजना संयोजक -गिरीराज अधिकारी, अनुगमन तथा मुल्यांकन अधिकृत -दल बहादुर बिश्वकर्मा जसले यो सर्वेक्षणमा महत्वपूर्ण सहयोग गर्नु भएकोछ वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धेरै व्यक्तिहरु र सरोकारबालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएकोछ तसर्थ म यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं।

झलक विश्वकर्मा

परियोजना संयोजक

प्लान ईन्टरनेशनल नेपाल

# सारांस (Summary)


कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको सिंजा गाउँपालिकामा बाल बिवाह व्यापकता सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । यस सर्बेक्षणमा २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनौट गरिएको थियो । कुल मिलाएर सबै वडाहरुबाट ८७ जना (महिला २९ र पुरुष ५८) उत्तरदातारपरिवारको अन्तर्वार्ता लिएको थियो । समग्रमा, ८७ जनामा ३३ प्रतिशत महिला र ६७ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ७५ प्रतिशत ब्राह्मण क्षेत्री र २५ प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । यसरीनै उमेरगत रुपमा, १७ प्रतिशत उत्तरदाता २० देखि ४० वर्ष उमेर समूहका थिए, त्यसपछि ७६ प्रतिशत ४१ देखि ६० वर्ष उमेर समूहका, २ प्रतिशत उत्तरदाता २० वर्ष मुनिका र ५ प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका थिए ।

यस गाउँपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ७९ प्रतिशत सन् २०२१ मा ७३ प्रतिशत र सन् २०२२ मा ४८ प्रतिशत बाल बिवाहको दर पाईयो । बाल बिवाहको दर घटेको पाईएता पनि ४८ प्रतिशत बाल बिवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा बढी नै हो ।

यस गाउँपालिकामा सन् २०२२ को एक वर्षमा १४१ जनाको बिवाह भएको थियो । जसमा ६७ वटा बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाह संख्याको ४८ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा ७३ प्रतिशत थियो ।

यस गाउँपालिकामा सन् २०२२ को एक वर्षमा १४१ जनाको बिवाह मध्ये जम्मा ३२ प्रतिशत महिलाहरुको र १ प्रतिशत पुरुषहरुको बाल बिवाह भएको पाईयो ।

त्यसैगरी जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने यस सिंजा गाउँपालिकामा जम्मा १४१ बिवाह भएकाहरू मध्ये बाल बिवाहसबै भन्दा बढी ३२ प्रतिशत ब्राहमण क्षेत्री समुदायमा भएको पाईयो भने १६ प्रतिशत दलित समुदायमा भएको पाईयो ।

सर्बेक्षण अनुसार ब्राह्मण क्षेत्री समुदायमा जम्मा १११ वटा बिवाह भएकामा ४५ वटा वा ४१ प्रतिशत बालबिवाह भएको देखिन्छ भने दलित समुदायमा जम्मा ३० वटा बिवाह भएको मा यस बर्ष २२ वटा वा ७३ प्रतिशत बिवाह बालबिवाह भएका देखिन्छ ।

सन् २०२२ अवधिमा जम्मा भएको बिवाह १४१ मध्ये ३ वटा वा २ प्रतिशत अभिभावकहरुले गरिदीएको र १३८ वटा वा ९८ प्रतिशत केटा वा केटी आफैले गरेको देखिन्छ । त्यसैगरी जम्मा १४१ बिवाह मध्ये भएको ६७ बालबिवाहमा १०० प्रतिशत नै आफ्नै इच्छाले बिवाह गरेको पाईयो । भने उमेर पुगी गरिएको बिवाहमा पनि ४ प्रतिशत मात्रै अभिभावकले गरिदीएको र बाँकी ९६ प्रतिशतले आफ्नै इच्छाले बिवाह गर्ने चलन रहेको देखियो । यस सिंजा गाउँपालिकामा सन् २०२२ अवधिमा जम्मा ६७ वटा बाल बिवाह भएका मध्ये शतप्रतिशतले नै आफ्नै इच्छाले बिवाह गरेको पाईयो जसमा महिला ६७ प्रतिशत र पुरुष ३३ प्रतिशत देखिन्छ ।

२० वर्ष उमेर माथि बिवाह भएको ७४ जना मध्ये जम्मा २ जनाको वा ३ प्रतिशतको मात्र बिवाह दर्ता भएको देखियो जुन वडा नं. १ र ६ मा मात्रै देखिन्छ । भने ७४ जनामा ७२ जनाको बिवाह दर्तानै नभएको देखिन्छ जुन ९७ प्रतिशत हुनजान्छ । जसमा सबै भन्दा बढी वडानं. २, ३, ४ र ५ मा दर्तानै नभएको देखिन्छ ।

२० वर्ष उमेर माथि बिवाह भएको ७४ जना मध्ये ५० प्रतिशत महिलाहरुको र ५० प्रतिशत पुरूषहरूको बिवाह भएको देखियो । २० वर्ष उमेर माथि बिवाह भएको महिलाका हकमा जम्मा ३७ जनामा कसैको पनि बिवाह दर्ता भएको देखिदैन भने पुरुषहरुको हकमा ३७ जना मध्ये २ जना वा ५ प्रतिशतको मात्र बिवाह दर्ता भएको पाईयो । यो अध्ययनले सिंजा गाउँपालीकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो ।

समग्रमा यस सिंजा गाउँपालिकाको तथ्याङ्क हेर्दा सन् २०२२ मा अधिकतम ६७ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गर्दै गरीरहदाँ भएको देखिन्छ भने १८ प्रतिशत आधारभुत तह अध्ययन, ९ प्रतिशत स्नातक तह अध्ययन गर्दैगरेको र ६ प्रतिशत कहिल्यै विद्यालय नगएकाहरूको बाल बिवाह भएको पाईयो ।

यस सिंजा गाउँपालिकामा बिवाह अघि करिब १४१ जना १२४ जना वा ८८ प्रतिशत कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ११६ जना वा ८२ प्रतिशतले मात्र कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो । जसमा १४१ जनाको बिवाहमा बिवाह हुदा १२४ जनाले पढीरहेकोमा बिवाह पश्चात ८ जनाले छोडेर ११६ जनाले मात्र पढाई निरन्तरता दिएको पाईयो । शैक्षिक तहगत रुपमा हेर्ने हो भने सबै भन्दा बढी माध्यामिक तहमा ८ जनाले र आधारभुत तहमा ३ जनाले बिवाह पश्चात पढाई छोडेको पाईयो ।

यसरी नै सिंजा गाउँपालिकामा बाल बिवाह र छिटो बिवाह गरेकाहरु ६७ जना मध्ये ६३ जना जो विध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थिए भने बिवाह पश्चात ५ जना घटेर जम्मा ५८ जनाले मात्र पढाईलाई निरन्तरता दिएको पाईयो । तहगत रुपमा हेर्नेहो भने माध्यामिक र आधारभुतमा पढाई छोडीएको छ ।

सन् २०२२ मा बिवाह भएका महिलाहरु मध्ये २४ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये १३ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

सिंजा गाउँपालीकाका बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिबाहका कारणहरु सोध्दा सबैभन्दा बढी ६० प्रतिशत उत्तरहरु थाहाछैन भन्नेमा आएको छ । जसबाट के जानकारी हुन्छ भने हामीले अझै बालबिवाहका कारणहरुका सम्बन्धमा जनचेतना बढाउनुपर्ने देखिन्छ । त्यसैगरी ३१ प्रतिशत उत्तरहरु प्रेमका कारण आफै भागेर बिवाह गर्ने गरेकोले, २२ प्रतिशत उत्तरहरु गरिबीको कारणले, १३ प्रतिशत उत्तरहरु उमेर बढेसंगै दाईजो पनि बढ्छ भन्नेकारणले, ६ प्रतिशत उत्तरहरु शाथीहरुको लहैलहैका कारण, २ प्रतिशत उत्तरहरु सामाजीक परम्पराको कारणले र १ प्रतिशत उत्तरहरु अशिक्षाको कारणले बाल बिवाह हुनेगरेको प्रतिक्रियाहरु आएका छन् ।

यस सिंजा गाउँपालिकामा बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिवाह हुने बिबाहले किन निरन्तरता पाई रहेको छ ? यसलाई कसरी हटाउन वा बाल बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा सबैभन्दा बढी ६४ प्रतिशतले थाहानै छैन भन्ने जवाफ दिनुभएको छ ।

यस सिंजा गाउँपालिकामा एक बर्ष भित्र बिवाह भएका ८७ घरधुरीका उत्तरदातालाई बाल बिबाहले के कस्ता नकारात्मक असरहरु पार्छ भन्ने प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ५६ प्रतिशतले थाहाछैन भन्ने जवाफ दिएका छन् । ३३ प्रतिशत उत्तरहरु विद्यालय शिक्षा छुट्छ, ३० प्रतिशत उत्तरहरु श्वास्थ्यमा समस्या हुन्छ र छिटो गर्भवती हुने र बच्चा जन्मने समस्या हुन्छ भन्ने प्रतिक्रियाहरु दिएका छन् । ७ प्रतिशत उत्तरहरु सामाजीक कार्यमा सहभागी हुन कठीनाई हुने र ६ प्रतिशत उत्तरहरु आर्थीक र मानसीक समस्या हुने जवाफ दिएका छन् । अधिकांश वा ५६ प्रतिशत उत्तरदाताले बालबिवाहको नकारात्मक असरका बारेमा जानकारी बारे थाहाछैन भन्ने जवाफ दिएकोले अझै पनि बाल बिवाह र यसको असरबारे समुदायमा सचेतनामा बढाउनु पर्ने देखिन्छ ।

सिंजा गाउँपालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिबाहको कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो जसमा सबै भन्दा बढी ३० प्रतिशत उत्तरहरु बिवाह दर्ता हुदैन, २४ प्रतिशत उत्तरहरु स्वत बिवाह बदर हुन्छ, ६ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीले बिवाह गर्नु हुदैन वा गराउनु हुदैन र २ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) हुन्छ भन्ने पाईयो ।

कुल उत्तरदाता ८७ मध्ये कसैलाई पनि सबै ४ वटै (बिवाह दर्ता नहुने, बिवाह स्वत: बदर हुने, कानुनी जरीवान र कैद (तीस हजार रुपैया जरीवाना सहित ३ बर्ष कैद) र २० बर्ष भन्दा कम उमेरमा बिवाह गर्न नपाईने) कानुनी प्राबधानका बारेमा जानकारी नभएको पाईयो । तसर्थ बालबिवाह सम्बन्धि कानुनी प्राबधानका बारेमा पनि सचेतना फैलाउन आवश्यक देखिन्छ ।

यस सिंजा गाउँपालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदाता ८७ जनालाई यदी समाजमा बाल बिवाहका घटनाहरू भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि प्रश्नहरू सोधिएको थियो । जसमा सबै भन्दा बढी ६८ प्रतिशत उत्तरहरु पुलिसमा रिपोर्ट गर्नु पर्छ, २१ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, १५ प्रतिशत निगरानी समुहमा, ८ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ५ प्रतिशत बाल हेल्पलाईनमा भन्ने उत्तरहरु पाईएको छ ।

कुल उत्तरदाता ८७ जना मध्ये सबैभन्दा बढी ५९ प्रतिशत प्रतिक्रियाहरू प्रहरीले समुदयमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने आएको छ भने ३४ प्रतिशत प्रतिक्रियाहरू युवाक्लब वा संजालले, ३२ प्रतिशत प्रतिक्रियाहरू घरपरिवारले, ३१ प्रतिशत प्रतिक्रियाहरू बालक्लब र सँजालले, ३ प्रतिशत प्रतिक्रियाहरू बालबालिका स्वयंले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू प्राप्त भएका छन । यसर्थ यि माथि सुझाएका सरोकारबालहरुसँग समुदायमा रहेका बालबिवाह रोक्न सहकार्य गर्न जरुरी देखिन्छ ।

जम्मा ८७ जना उत्तरदाताहरु मध्ये ८७ प्रतिशतलाई उहाँहरुको समुदायमा बालबिवाह विरुद्धमा कार्य गर्ने संघसंस्थाहरुको बारेमा जानकारी भएको पाइयो ।

**सुझाबहरु**

बाल बिवाहको चलन भएको वडाहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरु पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहको चलन बढि भएको समुदायहरु जस्तै दलित समुदाय भएको गाउहरुमा विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये अधिकांश आफ्नै इच्छाले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर माथि बिवाह भएको ७४ जना मध्ये जम्मा २ जना को वा ३ प्रतिशत को मात्र बिवाह दर्ता भएको देखियो । २० वर्ष उमेर माथि बिवाह भएको ७४ जना मध्ये ५० प्रतिशत महिलाहरुको र ५० प्रतिशत पुरूषहरूको बिवाह भएको देखियो । २० वर्ष उमेर माथि बिवाह भएको महिलाका हकमा जम्मा ३७ जनामा कसैको पनि बिवाह दर्ता भएको देखिदैन । भने पुरुषहरुको हकमा ३७ जना मध्ये २ जना वा ५ प्रतिशतको मात्र बिवाह दर्ता भएको पाईयो । यो अध्ययनले सिंजा गाउँपालीकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनुको साथै वडा कार्यालयसँग मिलेर बिवाह दर्ता अभियान सँचालन गर्नु जरुरी देखियो ।

यसरी नै सिंजा गाउँपालिकामा बाल बिवाह गरेकाहरु ६७ जना मध्ये ६३ जना जो विध्यालयमा थियो वा जसले पढाईलाई निरन्तरता दिई रहेका थिए भने बिवाह पश्चात ५ जना घटेर जम्मा ५८ जनाले मात्र पढाईलाई निरन्तरता दिएको पाईयो । तहगत रुपमा हेर्नेहो भने माध्यामिक र आधारभुत मा पढाई छोडीएको छ । यो तथ्यले बालबिवाहको कारणले पढाई छोड्ने दर पनि बढ्छ भन्ने संकेत गर्दछ । तसर्थ बालबिवाहको चलन

बढी भएका समुदायहरुमा बालबिवाह पश्चात शिक्षाबाट बन्चित भईन्छ र हुनुहुदैन भन्ने बारेमा सचेतना जगाउनु पर्दछ ।

बिवाह भएका महिलाहरु मध्ये २४ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह र छिटो बिवाह गर्नेहरु मध्ये १३ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ । त्यसैले कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्नसक्ने नकारात्मक असरहरुको बारेमा जनचेतना दिनुपर्ने दखिन्छ ।

कुल उत्तरदाता ८७ मध्ये कसैलाई पनि सबै ४ वटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरीवान र कैद (तीस हजार रुपैया जरीवाना सहित ३ बर्ष कैद) र २० बर्ष भन्दा कम उमेरमा बिवाह गर्न नपाईने) कानुनी प्राबधानका बारेमा जानकारी नभएको पाईयो । तसर्थ बालबिवाह सम्बन्धि कानुनी प्राबधानका बारेमा पनि सचेतना फैलाउन आवश्यक देखिन्छ ।

त्यसैगरी यस सरर्वेक्षणमा सहभागीहरूबाट प्राप्त सल्लाह अनुसार बालबिवाह हुनुका कारणहरूमा केन्द्रीत रही कार्यक्रम तथा बजेट  योजना गर्नु पर्ने देखिन्छ ।

# एकाइ १ परिचय (Introduction)

## १.१ पृष्ठभूमि (Background)

नेपालमा प्रचलित बालबिवाह एक सामाजिक समस्याको रुपमा रहेका छ। नेपालमा बालबिवाहको प्रचलन बढी छ। जस्मा २०-२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो बिवाह गरेको पाइन्छ। १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा बिवाह भएको पाइन्छ। बालबिवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढी भएको पाइन्छ। त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालबिवाहको प्रचलन भएको पाइन्छ। अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालबिवाहको प्रचलन फरक फरक पाइन्छ।

नेपालको संविधान (संविधान २०७२) ले बालबिवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट लिइ यसलाई निषेध गरेको छ। पिडकहरुबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ। संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन् स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ। संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालबिवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार, जोखिमपूर्ण कामबाट संरक्षणको अधिकार र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुर्व्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ। संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ।

नेपाल सरकारले नेपालमा बालबिवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति बि स २०७२ लाई अपनाएको छ। जसले बालबिवाह विरुध्द लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ। विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले सन् २०३० सम्ममा बालबिवाह उन्मूलन गर्नेछ। यसले बालबिवाह अन्त्य गर्न बहु-क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ रणनीतिले ५ वटा स्तम्भहरू समावेश गर्दछ। अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण, बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा, बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउने परिवार र समुदायलाई सहभागि गर्ने, सेवाहरूमा पहुँच र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने। स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालबिवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषण गर्नुपर्ने छ।

प्लान इन्टरनेशनल नेपालको परियोजना क्षेत्रमा पर्ने जुम्लाको सिँजा गाउंपालिकामा बाल बिवाह, कम उमेरमा हुने बिवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो। सर्वेक्षणको नतिजा र सुझावहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालबिवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर कार्यपध्दतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृध्दि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृद्धिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाह नहोस ।

यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो बिवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसैगरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ ।

यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लाका बिभिन्न १० वडा, पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४८२२ बालबालिका लाभान्वित हुनेछन् ।

**परियोजनाको मूख्य उद्देश्यः**

“नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका दरलाई घटाउनु ।”

**आशा गरिएका परिणमहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृध्दि ।
- बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुको आर्थिक अभिबृध्दिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो बिवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन् खास गरी बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्न सरोकारबालाको सक्रियतामा बृद्धि ।

## १.३ सर्वेक्षणको उद्देश्य

- सर्वेक्षणको समग्र उदेश्य जुम्ला जिल्लाको सिंजा गाउँपालिकामा बालबिवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउनु ।
- बालबिवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउनु ।

- सर्वेक्षणको नतिजाको आधारमा बाल बिवाह, छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।
- सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

# एकाइ २ सर्वेक्षण क्षेत्र र विधि (Survey Design and Methodology)

## २.१ गाउँपालिकाको पृष्ठभुमि

कर्णाली प्रदेशमा स्थित यस सिंजा गाउँपालिकामा विभिन्न जातजाति मानिसहरूको बसोवास रहेको छ । जसमा क्षेत्रीय समुदायको बढी बहुल्यता छ। जुम्ला जिल्लाका ८ ओटा स्थानीय तहहरूमध्ये सिंजा गाउँपालिका पनि हो । यस गाउँपालिका साविकको ३ वटा गा.वि.स.हरुलाइ समायोजन गरी बनेको गाउँपालिकालाई ६ वटा वडाहरू बिभाजन गरीएको छ । धार्मिक, सास्कृतिक, ऐतिहाँसिक पर्यटकिय हिसावमा आफ्नै महत्व बोकेको छ। जहाँ धार्मिक रूपमा बुँदबुँदी केदार नाथ तिर्थ स्थल, मठ मन्दिरको रूपमा देउली माई, मालिका बाँओ, रोप्नी माई ऐतिहाँसिक रूपमा पञ्चदेवल, त्रिदेवल आदि। पर्यटकिय रूपमा पनि उतिकै महत्व रहेको छ । चारैतिर पहाडले घेरीको र विच सानो उपत्यकामा रहेको यस सिंजा गाउँपालिकामा हिम नदि, दृश्य अवलोकन गर्न सकिने पहाडहरू आदि। विभिन्न किसिमका जडिबुटी दुर्लभ जनावर पनि यसै गाउँपालिकामा पाइन्छ ।

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू:

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको एनोनिमस मात्रात्मक विधि प्रयोग गरिएको थियो। यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो ।

जुम्ला जिल्लाको सिंजा, हिमा र कनकसुन्दरी, कालिकोटको रास्कोटा, सन्नित्रिवेणी र नरहरिनाथ, तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउपालिका र नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो ।
यो सर्बेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनौट गरिएको थियो भने सिंजा गाउँपालिकाबाट सबै वडाहरू चयन गरिएको थियो । कुल मिलाएर ८७ (महिला २९ र पुरुष ५८) उत्तरदातारपरिवारको अन्तर्वार्ता लिएको थियो । समुदायमा गणकहरुले बिवाह भएको घर पत्ता लगाउन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले बिवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन्। त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो बिवाह भएको घरको बारेमा जानकारी लिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन्। समग्रमा, ८७ जनामा ३३ प्रतिशत महिला र ६७ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ७५ प्रतिशत ब्राहमण क्षेत्री र २५ प्रतिशत पहाडी दलित

जातजातिको सहभागिता थियो । यसरीनै उमेरगत रुपमा, १७ प्रतिशत उत्तरदाता २० देखि ४० वर्ष उमेर समूहका थिए, त्यसपछि ७६ प्रतिशत ४१ देखि ६० वर्ष उमेर समूहका, २ प्रतिशत उत्तरदाता २० वर्ष मुनिका र ५ प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका थिए ।

**वडागतरुपमा निम्नानुसार संख्यामा सहभागीहरुले यस सर्वेक्षणमा सहभागीता जनाएको थिए ।**

| वडा न | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७ | ३५% | १३ | ६५% | २० |
| २ | २ | २२% | ७ | ७८% | ९ |
| ३ | ६ | ३३% | १२ | ६७% | १८ |
| ४ | २ | २९% | ५ | ७१% | ७ |
| ५ | ६ | २९% | १५ | ७१% | २१ |
| ६ | ६ | ५०% | ६ | ५०% | १२ |
| जम्मा | २९ | ३३% | ५८ | ६७% | ८७ |

## २.४ डाटा सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टुलबक्स: (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि नि:शल्क र खुला स्रोत सफ्टवेयर कोबो टुलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो । यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो ।

स्थानीय साझेदार संस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनौट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरानमा मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषा गरिएको थियो ।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउँपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए । गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको वा उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको

थियो । अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो ।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो ।

## २.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो । प्रतिक्रिया र सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सँकलनका लागि मोबाइल एप्समा आधारित कोबो टुलबक्स प्रयोग गरिएको थियो ।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो ।

## २.७ अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ ।

अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन् ।

अध्ययन क्षेत्र र परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले बालबिवाहको न्यूनिकरणमा योगदान पुर्याएको पनि हुन सक्छ ।

# एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings)

## ३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी

तालकिा १: वडागत रुपमा बिवाह गर्ने कानुनी उमेरको बारेमा जानकारहरुको विवरण

| वडा | छ | % | छैन | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ० | ०% | २० | १००% | २० |
| २ | ० | ०% | ९ | १००% | ९ |
| ३ | ० | ०% | १८ | १००% | १८ |
| ४ | ० | ०% | ७ | १००% | ७ |
| ५ | १२ | ५७% | ९ | ४३% | २१ |
| ६ | ६ | ५०% | ६ | ५०% | १२ |
| जम्मा | १८ | २१% | ६९ | ७९% | ८७ |

यो अध्ययनमा सहभागि भएका ८७ घरपरिवारहरू मध्ये समग्रमा जम्मा २१ प्रतिशत (१८ जना) सहभागिहरूलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ५ र ६ का सहभागिलाईलाई मात्र थाह भएको पाईयो भने वडानं. १, २, ३ र ४ का सहभागीहरूलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा जानकारीनै नभएको पाईयो साथै वडा नं. ५ र ६ का सहभागीहरुमा पनी आधा जसोलाई जानकारीनै नभएको पाईयो ।

**तालिका २: लैङ्गिकता अनुसार विवाह गर्ने कानूनी उमेरको बारेमा ज्ञान**

| वडा | थाह भएको | | | | | | थाह नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नम्बर | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ० | ०% | ० | ०% | ० | ०% | ७ | ३५% | १३ | ६५% | २० | १००% | २० |
| २ | ० | ०% | ० | ०% | ० | ०% | २ | २२% | ७ | ७८% | ९ | १००% | ९ |
| ३ | ० | ०% | ० | ०% | ० | ०% | ६ | ३३% | १२ | ६७% | १८ | १००% | १८ |
| ४ | ० | ०% | ० | ०% | ० | ०% | २ | २९% | ५ | ७१% | ७ | १००% | ७ |
| ५ | १ | ८% | ११ | ९२% | १२ | ५७% | ५ | ५६% | ४ | ४४% | ९ | ४३% | २१ |
| ६ | ३ | ५०% | ३ | ५०% | ६ | ५०% | ३ | ५०% | ३ | ५०% | ६ | ५०% | १२ |
| जम्मा | ४ | २२% | १४ | ७८% | १८ | २१% | २५ | ३६% | ४४ | ६४% | ६९ | ७९% | ८७ |

बिवाह गर्ने कानूनी उमेर थाहा भएका १८ जना मध्ये २२ प्रतिशत (४ जना) महिलाहरुलाई मात्र र ७८ प्रतिशत (१४ जना) पुरुषहरुलाई बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो। यसरीनै ६९ जनामा ३६ प्रतिशत महिला र ६४ प्रतिशत पुरूषहरूमा बिवाह गर्ने कानूनी उमेर थाह नभएको पाईयो। यसरी हेर्दा बिवाह गर्ने कानूनी उमेर थाहा नहुनेमा पुरुषहरुको संख्या बढी देखिन्छ। वडागत रुपमा लैङ्गिकता अनुसार बिवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण माथी तालिका नम्बर २ मा प्रस्तुत गरीएको छ।

## ३.२ बालबिवाह

### ३.२.१ सिंजा गाउँपालिकामा बालबिवाहको अवस्था

यस गाउँपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ७९ प्रतिशत सन् २०२१ मा ७३ प्रतिशत र सन् २०२२ मा ४८ प्रतिशत बाल बिवाहको दर पाईयो। बाल बिवाहको दर घटेको पाईएता पनि ४८ प्रतिशत बाल बिवाह र छिटो बिवाह हुनु भनेको जुन नेपालको औषत दर[1] भन्दा बढी नै हो।

विगत ३ वर्षको बाल विवाहको तुलनात्मक स्थितिः
सिंजा गाउँपालिका




[11] https://nepal.unfpa.org/en/publications/national-strategy-ending-child-marriage-0

**तालिका ३: वडागत बाल विवाह तथा छिटो विवाहको २ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२१ | | | सन् २०२२ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा बिवाह | बाल बिवाह | प्रतिशत | जम्मा बिवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | ३८ | २३ | ६१% | २८ | १४ | ५०% |
| वडा न-२ | १६ | १२ | ७५% | १३ | ८ | ६२% |
| वडा न-३ | २३ | १६ | ७०% | २४ | ११ | ४६% |
| वडा न-४ | २७ | २० | ७४% | १४ | ५ | ३६% |
| वडा न-५ | ३० | २२ | ७३% | ३८ | १९ | ५०% |
| वडा न-६ | २६ | २४ | ९२% | २४ | १० | ४२% |
| **जम्मा** | **१६०** | **११७** | **७३%** | **१४१** | **६७** | **४८%** |

यस गाउँपालिकामा सन् २०२२ को एक वर्षमा १४१ जनाको बिवाह भएको थियो । जसमा ६७ वटा बिवाहमा पर्दछन् जुन जम्मा बिवाह संख्याको ४८ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ७३ प्रतिशत थियो । यस वर्ष वडा नं २ मा सबैभन्दा बढी ६२ प्रतिशत, वडानं १ र ५ मा ५० प्रतिशत, वडा नं ३ मा ४६ प्रतिशत वडानं. ६ मा ४२ प्रतिशत र वडा नं. ४ मा ३६ प्रतिशत गरी बालबिवाह भएको देखिन्छ । तर अघिल्लो वर्षको तुलनामा सबै वडाहरूमा बालबिवाहको दर घटेको देखिन्छ । जुन तालिका ३ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४ सन् २०२२ मा लैंगीक रूपमा तथा वडागत बाल विवाह तथा छिटो विवाहको विवरण**

| वडानं | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | २० बर्ष पारीको विवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ९ | ३२% | ५ | १८% | १४ | ५०% | ६ | २१% | ८ | २९% | १४ | ५०% | २८ |
| २ | ७ | ५४% | १ | ८% | ८ | ६२% | २ | १५% | ३ | २३% | ५ | ३८% | १३ |
| ३ | ८ | ३३% | ३ | १३% | ११ | ४६% | ९ | ३८% | ४ | १७% | १३ | ५४% | २४ |
| ४ | ३ | २१% | २ | १४% | ५ | ३६% | ४ | २९% | ५ | ३६% | ९ | ६४% | १४ |
| ५ | १२ | ३२% | ७ | १८% | १९ | ५०% | १० | २६% | ९ | २४% | १९ | ५०% | ३८ |
| ६ | ६ | २५% | ४ | १७% | १० | ४२% | ६ | २५% | ८ | ३३% | १४ | ५८% | २४ |
| **जम्मा** | **४५** | **३२%** | **२२** | **१६%** | **६७** | **४८%** | **३७** | **२६%** | **३७** | **२६%** | **७४** | **५२%** | **१४१** |

यस गाउँपालिकामा सन् २०२२ को एक वर्षमा १४१ जनाको बिवाह मध्ये जम्मा ३२ प्रतिशत महिलाहरुको र १६ प्रतिशत पुरुषहरुको बाल बिवाह भएको पाईयो जसमा यो दर महिलाहरुको सन्दर्भमा सबै भन्दा बढी वडा नं. ७ मा ५४ प्रतिशत, वडा नम्बर ३ मा ३३ प्रतिशत र वडानं. १ र ५ मा ३२ प्रतिशत रहेको देखिन्छ । त्यसरीनै पुरुषहरुको हकमा सबै भन्दा बढी वडानं. १ र ५ मा १८ प्रतिशत र वडानं. ६ मा १७ प्रतिशत

बाल बिवाह भएको पाईयो । भने जम्मा बिवाह मध्ये २६ प्रतिशत महिला र २६ प्रतिशत नै पुरूषहरूले २० बर्ष पारी बिवाह गरेका देखिन्छ ।

त्यसैगरी जम्मा बिवाह गर्ने महिलाहरू मध्ये र पुरूषहरू मध्ये पनि निम्नानुसारका तालिकामा तुलना गरीएको छ ।

| वडानं | | बालविवाह गर्नेमहिलाको संख्या | % | विवाह गर्नेमहिला को संख्या | बालविवाह गर्ने पुरूषको संख्या | % | विवाह गर्ने पुरूषको संख्या | जम्मा महिला पुरूष |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ९ | ६०% | १५ | ५ | ३८% | १३ | २८ |
| २ | | ७ | ७८% | ९ | १ | २५% | ४ | १३ |
| ३ | | ८ | ४७% | १७ | ३ | ४३% | ७ | २४ |
| ४ | | ३ | ४३% | ७ | २ | २९% | ७ | १४ |
| ५ | | १२ | ५५% | २२ | ७ | ४४% | १६ | ३८ |
| ६ | | ६ | ५०% | १२ | ४ | ३३% | १२ | २४ |
| | **जम्मा** | **४५** | **५५%** | **८२** | **२२** | **३७%** | **५९** | **१४१** |

**तालिका ५ सन् २०२२ मा जातिगत तथा वडागत बाल विवाहको विवरण**

| वडा नं | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | २० बर्ष पारीको विवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्णक्षत्री | % | दलित | % | जम्मा | % | ब्राहम्णक्षत्री | % | दलित | % | जम्मा | % | |
| १ | ११ | ३९% | ३ | ११% | १४ | ५०% | १३ | ४६% | १ | ४% | १४ | ७४% | २८ |
| २ | २ | १५% | ६ | ४६% | ८ | ६२% | ४ | ३1% | १ | ८% | ५ | ३९% | १३ |
| ३ | ४ | १७% | ७ | २९% | ११ | ४६% | १० | ४२% | ३ | १३% | १३ | ४८% | २४ |
| ४ | ५ | ३६% | ० | ०% | ५ | ३६% | ९ | ६४% | ० | ०% | ९ | ७९% | १४ |
| ५ | १४ | ३७% | ५ | १३% | १९ | ५०% | १७ | ४५% | २ | ५% | १९ | ४३% | ३८ |
| ६ | ९ | ३८% | १ | ४% | १० | ४२% | १३ | ५४% | १ | ४% | १४ | ४३% | २४ |
| **जम्मा** | **४५** | **३२%** | **२२** | **१६%** | **६७** | **४८%** | **६६** | **४७%** | **८** | **६%** | **७४** | **५२%** | **१४१** |

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने यस सिंजा गाउँपालिकामा जम्मा १४१ बिवाह भएकाहरू मध्ये बाल बिवाहसबै भन्दा बढी ३२ प्रतिशत ब्राहमण क्षेत्री समुदायमा भएको पाईयो भने १६ प्रतिशत दलित समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडानं. १, ६ र ५ मा क्रमशः ३९, ३८ र ३७ प्रतिशत बिवाह ब्राहमण क्षेत्री समुदायमा भएको देखियो । त्यसरी नै दलित समुदायको सन्दर्भमा हेर्ने हो भने सबै भन्दा बढी वडा नम्बर २, ३, ५ र १ मा क्रमशः ४६, २९, १३ र ११ प्रतिशत बाल बिवाहको चलन रहेको देखियो ।

त्यसैगरी वडागत रूपमा जातीगत रूपमै जम्मा बिवाह भएका मध्ये पनि कुन जातीगत रूपमा कस्तो स्थिती छ भनी निम्न तालिकामा हेर्न सकिन्छ ।

| वडा नं | बालविवाह भएको ब्राह्मण क्षत्री संख्या | % | जम्मा विवाह भएको ब्राह्मण क्षत्रीको संख्या | % | बालविवाह भएको दलित संख्या | % | जम्मा विवाह भएकोदलितको संख्या | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११ | ४६% | २४ | ८६% | ३ | ७५% | ४ | १४% | २८ |
| २ | २ | ३३% | ६ | ४६% | ६ | ८६% | ७ | ५४% | १३ |
| ३ | ४ | २९% | १४ | ५८% | ७ | ७0% | १0 | ४२% | २४ |
| ४ | ५ | ३६% | १४ | १00% | 0 | 0% | 0 | 0% | १४ |
| ५ | १४ | ४५% | ३१ | ८२% | ५ | ७१% | ७ | १८% | ३८ |
| ६ | ९ | ४१% | २२ | ९२% | १ | ५0% | २ | ८% | २४ |
| **जम्मा** | **४५** | **४१%** | **१११** | **७९%** | **२२** | **७३%** | **३0** | **२१%** | **१४१** |

उक्त तालिका अनुसार ब्राह्मण क्षेत्री समुदायमा जम्मा १११ वटा बिवाह भएकामा ४५ वटा वा ४१ प्रतिशत बालबिवाह भएको देखिन्छ भने दलित समुदायमा जम्मा ३0 वटा बिवाह भएकोमा यस बर्ष २२ वटा वा ७३ प्रतिशत बिवाह बालबिवाह भएको देखिन्छ। वडागत रूपमा हेर्ने हो भने ब्रह्मण क्षेत्री समुदायको धेरैजसो बालबिवाह वडानं. १, ५ र ६ मा देखिन्छ। साथै दलित समुदायमा सबैभन्दा बढी वडानं. २, १, ५ र ३ मा बालबिवाह भएको देखिन्छ।

## ३.२.२ बिवाहको प्रकार

तालिका ६ सन् २0२२ मा बिवाहको प्रकार तथा वडागत बिवाहको विवरण:

| वडा नं. | २० बर्ष भन्दा मुनिको विवाह | | | | | | २० बर्ष पारीको विवाह | | | | | | जम्मा विवाह | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकले गरिदीएको बिवाह | % | आफैले बिवाह गरेका | % | जम्मा | % | अभिभावकले गरिदीएको बिवाह | % | आफैले बिवाह गरेका | % | जम्मा | % | अभिभावकले गरिदीएको बिवाह | % | आफैले बिवाह गरेका | % | जम्मा |
| १ | 0 | 0% | १४ | १00% | १४ | ५0% | १ | ७% | १३ | ९३% | १४ | ५0% | १ | ४% | २७ | ९६% | २८ |
| २ | 0 | 0% | ८ | १00% | ८ | ६२% | 0 | 0% | ५ | १00% | ५ | ३८% | 0 | 0% | १३ | १00% | १३ |
| ३ | 0 | 0% | ११ | १00% | ११ | ४६% | 0 | 0% | १३ | १00% | १३ | ५४% | 0 | 0% | २४ | १00% | २४ |
| ४ | 0 | 0% | ५ | १00% | ५ | ३६% | 0 | 0% | ९ | १00% | ९ | ६४% | 0 | 0% | १४ | १00% | १४ |
| ५ | 0 | 0% | १९ | १00% | १९ | ५0% | 0 | 0% | १९ | १00% | १९ | ५0% | 0 | 0% | ३८ | १00% | ३८ |
| ६ | 0 | 0% | १0 | १00% | १0 | ४२% | २ | १४% | १२ | ८६% | १४ | ५८% | २ | ८% | २२ | ९२% | २४ |
| **जम्मा** | **0** | **0%** | **६७** | **१00%** | **६७** | **४८%** | **३** | **४%** | **७१** | **९६%** | **७४** | **५२%** | **३** | **२%** | **१३८** | **९८%** | **१४१** |

सन् २0२२ अवधिमा जम्मा भएको बिवाह १४१ मध्ये ३ वटा वा २ प्रतिशत अभिभावकहरुले गरिदीएको र १३८ वटा वा ९८ प्रतिशत केटा वा केटी आफ्नै इच्छाले बिवाह गरेको देखिन्छ। त्यसैगरी जम्मा १४१ बिवाह मध्ये भएको ६७ बालबिवाहमा १00 प्रतिशत नै आफ्नै इच्छाले बिवाह गरेको पाईयो। भने उमेर पुगी गरिएको बिवाहमा पनि ४ प्रतिशत मात्रै अभिभावकले गरिदीएको र बाँकी ९६ प्रतिशतले आफ्नै इच्छाले बिवाह गर्ने चलन रहेको देखियो।

**तालिका ७ सन् २०२२ मा वाल विवाह र छिटो विवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार विवाहको विवरण**

| वडा नं. | अभिभावकले गरिदीएको बिवाह | | | | | | आफैले बिवाह गरेका | | | | | | जम्मा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | जम्मा बालविवाह भएका महिला | % | जम्मा बालविवाह भएका पुरुष | % | जम्मा |
| १ | ० | ०% | ० | ०% | ० | ०% | ९ | १००% | ५ | १००% | १४ | १००% | ९ | ६४% | ५ | ३६% | १४ |
| २ | ० | ०% | ० | ०% | ० | ०% | ७ | १००% | १ | १००% | ८ | १००% | ७ | ८८% | १ | १३% | ८ |
| ३ | ० | ०% | ० | ०% | ० | ०% | ८ | १००% | ३ | १००% | ११ | १००% | ८ | ७३% | ३ | २७% | ११ |
| ४ | ० | ०% | ० | ०% | ० | ०% | ३ | १००% | २ | १००% | ५ | १००% | ३ | ६०% | २ | ४०% | ५ |
| ५ | ० | ०% | ० | ०% | ० | ०% | १२ | १००% | ७ | १००% | १९ | १००% | १२ | ६३% | ७ | ३७% | १९ |
| ६ | ० | ०% | ० | ०% | ० | ०% | ६ | १००% | ४ | १००% | १० | १००% | ६ | ६०% | ४ | ४०% | १० |
| जम्मा | ० | ०% | ० | ०% | ० | ०% | ४५ | १००% | २२ | १००% | ६७ | १००% | ४५ | ६७% | २२ | ३३% | ६७ |

यस सिंजा गाउँपालिकामा सन् २०२२ अवधिमा जम्मा ६७ वटा बालबिवाह भएका मध्ये शतप्रतिशतले नै आफ्नै इच्छाले बिवाह गरेको पाईयो जसमा महिला ६७ प्रतिशत र पुरुष ३३ प्रतिशत देखिन्छ। वडागत रुपमा हेर्ने हो भने महिलाको आफ्नै इच्छाले बिवाह सबैभन्दा बढी वडानं. २ मा ८८ प्रतिशत, वडा नं.३ मा ७३ प्रतिशत र वडा नं. १ मा ६४ प्रतिशत रहेको छ र पुरुषको आफ्नै इच्छाले बिवाह बढी वडानं. ४ र ६ मा ४० प्रतिशत, वडा नं. ५ मा ३७ प्रतिशत देखिन्छ।

## ३.२.३ बिवाह दर्ताको चलन

**तालिका ८ : २० पारी भएको वडागत विवाहको विवरण अनुसार विवाह दर्ता विवरणवडानं.**

| वडानं. | विवाह दर्ता | | | | जम्मा |
|---|---|---|---|---|---|
| | नभएको | % | भएको | % | |
| १ | १३ | ९३% | १ | ७% | १४ |
| २ | ५ | १००% | ० | ०% | ५ |
| ३ | १३ | १००% | ० | ०% | १३ |
| ४ | ९ | १००% | ० | ०% | ९ |
| ५ | १९ | १००% | ० | ०% | १९ |
| ६ | १३ | ९३% | १ | ७% | १४ |
| जम्मा | ७२ | ९७% | २ | ३% | ७४ |

२० वर्ष उमेर माथि बिवाह भएको ७४ जना मध्ये जम्मा २ जनाको वा ३ प्रतिशतको मात्र बिवाह दर्ता भएको देखियो जुन वडा नं. १ र ६ मा मात्रै देखिन्छ। भने ७४ जनामा ७२ जनाको बिवाह दर्तानै नभएको देखिन्छ जुन ९७ प्रतिशत हुनजान्छ। जसमा सबै भन्दा बढी वडानं. २, ३, ४ र ५ मा दर्तानै नभएको देखिन्छ।

**तालिका ९: २० वर्ष पारी भएको वडागत विवाहको विवरण तथा लैङ्गिक अनुसार विवाह दर्ता विवरण**

| वडा नं. | महिला | | | | | | | | पुरुष | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
